नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:जुवा ।

मि.नं.-१८६, दायर मिति-:२०८०-०६-१५

फैसला मिति-२०८०-०७-२३

| वादी | प्रतिवादी |
|---|---|
| प्र.ब.ना.नि.टेकबहादुर कार्की समेतको प्रतिवेदनले वादी नेपाल सरकार..................................१ | जिल्ला पर्सा बि.म.न.पा.वडा नं.२९ बस्ने बर्ष ४९ को राजेन्द्र प्रसाद चौधरी समेत ५----------------------१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीहरुले जुवा तास खेलिरहेको अवस्थामा फेला पारेको भन्ने प्रहरी प्रतिवेदन।

२. जुवा तास खेलिरहेको अवस्थामा फेला पारेको भन्ने प्रतिवादीको बयान कागज।

३. जुवा तास खेलिरहेको अवस्थामा फेला पारेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका कृष्ण सिंह समेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यस मिति २०८०।०६।१४ गते विहान अं ०२:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.नं.११ स्थित बिरबहादुर गुरुङ्गको घरमा राजेन्द्र प्रसाद चौधरी,प्रमेन्द्र चौधरी भन्ने प्रमेन्द्र राम थारु,बिशुन थापा,बृजमोहन चौधरी भन्ने बृजमोहन प्रसाद दास र जिवन लामा भन्ने जिवन कुमार गोलेलाई लाई जुवा तास खेलिरहेको अवस्थामा फेला पारी नगद रु १४,६३८।- र खुल्ला तास १५६ थान बरामद भएको बरामदी मुचुल्का तथा प्रहरी प्रतिवेदन रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज ,तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा दशीको रुपमा प्राप्त तास तथा नगद रकम तथा प्रतिवादीहरुले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध (संहिता) ऐन,२०७४ को दफा १२५(१) बमोजिम अपराध गरेको ठहर्छ, ऐ.ऐनको दफा १२५(२)(क) बमोजिम प्रतिवादीहरु राजेन्द्र प्रसाद चौधरी,प्रमेन्द्र चौधरी भन्ने प्रमेन्द्र राम थारु,बिशुन थापा,बृजमोहन चौधरी भन्ने बृजमोहन प्रसाद दास र जिवन लामा भन्ने जिवन कुमार गोलेलाई जरिवाना जनही रु ५०००।- र बरामद भएको नगद रु १४,६३८।- र खुल्ला तास १५६ थान ऐ.ऐनको दफा १२५(३) बमोजिम जफत हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा १२५(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा १२५(२)(क) बमोजीम प्रतिवादीहरु राजेन्द्र प्रसाद चौधरी,प्रमेन्द्र चौधरी भन्ने प्रमेन्द्र राम थारु,बिशुन थापा,बृजमोहन चौधरी भन्ने बृजमोहन प्रसाद दास र जिवन लामा भन्ने जिवन कुमार गोलेलाई जरिवानाको हकमा मिति २०८०-०६-१५ गते र.नं.१६५,१६६,१६७,१६८,१६९ बाट दाखिला गरेको धरौटी रकम जनही रु ५०००।- बाट जरिवाना रकम जनही रु ५०००।- कट्टा गरि मिनाहा गर्नु कट्टा गरि मिनाहा गर्नु बाँकी हुन आएको मिति २०८०-०६-१५ गते र.नं. १६५ बाट दाखिला गरेको बरामद रकम मुलुकी अपराध संहिता,२०७४ को दफा १२५(३) बमोजिम रु १४,६३६।- जफत गर्न लेखा शाखा,जिल्ला प्रशासन कार्यालयमा पत्र लेख्नु। -----------------------------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे ३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नु भनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु-----------------------------------------------------------------------------------------------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------१

४.प्रसतुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु------------१

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल कार्तिक महिना २३ गते रोज ५ शुभम् ..........................